# मौरी, च्याउ, रेशम विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रदेश सरकार
भूमि व्यस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
गण्डकी प्रदेश

# मौरी, च्याउ, रेशम विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**प्रस्तावना**

देशको रोजगारीको प्रमूख क्षेत्र कृषि भएकोले कृषि व्यवसायलाई व्यवसायिक, प्रतिस्पर्धी र वातावरण अनुकूल बनाई कृषि उपजको उत्पादन बढाई आयात प्रतिस्थापन तथा निर्यात प्रबर्धन गर्ने मूल उद्देश्य राखी मौरी, रेशम र च्याउ सम्बन्धी कार्यक्रममा अनुदानको व्यवस्था गरी यस व्यवसायप्रति नेपाली कृषकलाई आकर्षित गर्न विशेष कार्यक्रम सञ्चालन गर्न लागिएको छ । कृषक बर्गलाई रेशम खेती, मौरी गोला तथा मौरी पालन र च्याउ उत्पादन सामग्रीमा अनुदान तथा उत्पादन दिई महको उत्पादन बढाउने, मौरी पालन सम्बन्धी औजार उपकरणको उद्योग व्यवसाय गर्ने व्यावसायी तथा युवा वर्गलाई व्यवसायिक मौरी पालन र च्याउ उत्पादन एवम् रेशम धागो तथा कपडा उत्पादन कार्यमा आकर्षित गर्नका लागि अनुदान कार्यक्रम दिन वाञ्छनीय देखी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "मौरी, च्याउ, रेशम विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

ख) यो कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषाः**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **मन्त्रालय** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

ख) **निर्देशनालय** भन्नाले मन्त्रालय अन्तरगत रहेको कृषि विकास निर्देशनालय भन्ने सम्झनु पर्छ ।

ग) **रेशम विकास कार्यक्रम** भन्नाले कृषि विकास निर्देशनालय अन्तरगतका रेशम फार्म केन्द्रसम्झनु पर्दछ ।

घ) **ज्ञान केन्द्र** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्दछ ।

ङ) **व्यवसायिक कीट विकास कार्यक्रम** भन्नाले मौरी पालन, च्याउ खेती तथा रेशम खेती विकास सँग सम्बन्धित कार्यक्रम सम्झनु पर्दछ ।

च) **च्याउ उत्पादन कार्यक्रम** भन्नाले ताजा च्याउ उत्पादन गर्ने, परीक्षण,प्रशोधन गर्ने, विक्री वितरण सम्बन्धी काम गर्ने र च्याउको बीउ उत्पादन तथा विक्री वितरण गर्ने कार्य बुझाउदछ ।

छ) **मौरी पालन** भन्नाले मह,मौरीजन्य वस्तुहरू, मौरी पालन,परीक्षण र मह प्रशोधमा प्रयोग हुने औजार उपकरणहरूको उत्पादन र विक्री वितरण, मह र मौरीजन्य वस्तुहरूको प्रशोधन, गुणस्तर मापन, प्रमाणीकरण र विदेश निकासी गर्नेसम्मका कार्यक्रम बुझाउछ ।

ज) **व्यवसायिक मौरी कृषक** भन्नाले कम्तीमा पनि २० घार मौरी पालन गर्ने कृषक बुझ्नु पर्दछ ।

झ) **मह व्यवसायी** भन्नाले बर्षैभरि मह सङ्कलन, प्रशोधन तथा बेच विखन गर्ने, मौरी घार तथा मौरी पालन उपकरणहरू उत्पादन गरी विक्री वितरण गर्ने जस्ता कारोबार गर्ने उद्योग व्यवसाय दर्ता गरेको व्यक्ति र फर्मलाई सम्झनु पर्दछ ।

ञ) **व्यवसायिक च्याउ खेती गर्ने कृषक** भन्नाले वर्ष भरिमा कम्तीमा पनि ४००० के.जी कम्पोष्ट वा पराल,५०० काठको मुढामा वा अन्य माध्यममा च्याउको खेती गरी च्याउ उत्पादन गर्ने कृषक र फर्म बुझ्नु पर्दछ ।

ट) **मह निर्यात प्रर्वद्धन** भन्नाले व्यवसायिक रूपमा मह उत्पादन,उत्पादित महको प्रशोधन, गुणस्तर मापन, प्याकीङ्ग तथा विदेश निकासी गर्ने कार्य जनाउंछ ।

ठ) **रेशमखेती विकास कार्यक्रम** भन्नाले किम्बु खेती र रेशम कीरा पालन सम्बन्धी सम्पूर्ण क्रियाकलापहरू बुझाउंछ

ड) **किम्बु खेती विस्तार** कार्यक्रम भन्नाले किम्बु बिरूवा उत्पादन, विक्री वितरण, किम्बु बिरूवा रोपण गर्ने कार्य बुझाउंछ ।

ढ) **रेशम कीरा पालन** भन्नाले रेशम वीज उत्पादन, भण्डारण, वितरण, चौकी कीरा पालन, ठूला कीरा पालन, वीजकोया उत्पादन, कोया उत्पादन, कोया टीप्ने, सुकाउने तथा विक्री वितरण गर्ने सम्मका कार्यक्रम बुझाउंछ ।

ण) **रेशमजन्य उद्योग** भन्नाले ताजा कोकुन खरिद गरी सुकाउने, धागो निकाल्ने, कपडा तयार गर्ने, किम्बु र रेशम कीराबाट विभिन्न रेशमजन्य वस्तु उत्पादन गरी विक्री वितरण सम्बन्धी कार्यहरू गर्ने सामूहिक वा व्यक्तिगत व्यवसायलाई जनाउंछ ।

त) **व्यवसायिक रेशम कृषक** भन्नाले कम्तीमा पनि १० रोपनीमा किम्बु खेती लगाई एक पटकमा कम्तीमा ४ बाकस रेशम कीरा पालन गर्ने कृषक बुझ्नु पर्दछ ।

थ) **रेशम व्यवसायी** भन्नाले नियमित रूपमा कृषकहरूबाट उत्पादित रेशम कोकुन सङ्कलन गर्ने, धागो निकाल्ने, रेशम कपडा तथा अन्य रेशमजन्य वस्तु उत्पादन गरी विक्री वितरण गर्ने जस्ता कारोबार गर्ने उद्योग व्यवसाय दर्ता गरेको व्यक्ति र फर्म सम्झनु पर्दछ ।

**३. कार्यक्रमका उद्देश्यहरू:**

यस कार्यविधि अनुसार सञ्चालन हुने कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेका छन्

क) खाद्य पोषणमा सुधार ल्याउन सिपमूलक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालनबाट व्यावसायीक मह र च्याउ उत्पादनको वृद्धि गरी आन्तरिक उपभोगमा वृद्धि गराउने तथा रोजगारी सिर्जना गराउने ।

ख) रेशम खेतीलाई यान्त्रीकरण,व्यवसायिकरण तथा आधुनिकीकरण गरी आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने तथा विदेशएका युवालाई स्वदेशमा रोजगारी सिर्जना गराउने ।

## परिच्छेद २

**४. कार्यक्रम सञ्चालनः** यस कार्यविधि अनुसारको कार्यक्रम मन्त्रालय अन्तर्गतको रेशम विकास कार्यक्रमले गर्नेछ ।

**५. सूचना प्रकाशन :**

क) यस कार्यविधि अनुरूप मौरी पालन र च्याउ खेती सम्बन्धी उत्पादन गर्ने कार्यका लागि सहयोग पुर्याउन अनुदान दिने उद्धेश्यले रेशम विकास कार्यक्रमले राष्ट्रिय स्तरको पत्रिकामा **अनुसूची-१** अनुसारको ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

क) उपदफा (क) बमोजिम सूचना प्रकाशन भए अनुरूप आबेदकले **दफा (६)** बमोजिमका सबै कागजातहरू संलग्न गरी आवेदन रेशम विकास कार्यक्रमको कार्यालयमा दर्ता गर्न सक्नेछन् ।

**६. आवेदन दिन आवश्यक योग्यता र पेश गर्नुपर्ने कागजातहरू**

यस कार्यविधि अनुरूप कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको सबै योग्यता पुगेका आवेदकहरूले **अनुसूची-२** बमोजिम आवेदन दिन सक्नेछन् ।

क) यस कार्यक्रमका लागि तोकिएका स्थानमा कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक, फार्म, समूह, सहकारीले आवेदन दिन सक्नेछन् ।

ख) आवेदक कानुन बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ ।

ग) आवेदकले यो कार्यक्रम सञ्चालन हुने क्षेत्रमा कानुनत दर्ता नभई कार्यरत भएको अवस्थामा सूचना प्रकाशन पश्चात पनि दर्ता भई आवेदन दिन सक्नेछन् ।

घ) सम्बन्धित वडा कार्यालय वा स्थानीय तहको सिफारिस पत्र समावेश गरेको हुनुपर्नेछ।

ङ) **अनुसूची ३** मा उल्लेख भए अनुसारको व्यावसायि योजना प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।

**७. सञ्चालन गर्न सकिने कार्यक्रमहरू**

**क) मौरी पालन तथा यसको व्यवस्थापन :**

रेशम विकास कार्यक्रमले मौरी पालनको हकमा जगल र मौरी चरन क्षेत्र भएको क्षेत्रको पहिचान गरी देहाय बमोजिमको कार्यक्रम सञ्चालन गर्नेछ ।

१. समूहमा आबद्ध इच्छुक कृषकहरूलाई ३ देखी ७ दिने सैद्धान्तिक तथा व्यवहारिक तालिम प्रदान गरीनेछ । इच्छुक कृषकहरूलाई रेशम विकास कार्यक्रमले छनोट सम्बन्धी आवश्यक मापदण्ड तय गरी सोही आधारमा तालिमका सहभागीहरूको छनोट गर्नेछ ।

२. तालिम प्राप्त कृषकहरूले तालिममा सिके अनुसार मौरी पालन गर्नु पर्नेछ ।

३. मौरी पालन गर्ने कृषकले मौरी चरनको विकास र विस्तार गर्न आवश्यक पर्ने च्युरीको तथा अन्य मौरी चरन उपयोगी बालीका बोट बिरूवा लगाउन तथा संरक्षण गर्न प्रोत्साहित गरीनेछ । यसको लागि वन कार्यालय र वन उपभोक्ता समितिहरूसगको समन्वय र सहकार्यमा आगामी आ.व. हरूमा कार्यक्रम योजना तर्जुमा गरीनेछ ।

४. मौरी पालन गर्न आवश्यक पर्ने घार तथा अन्य उपकरणहरू एक पटकलाई ७५ प्रतिशत अनुदानमा खरिद गरी वितरण गरीने वा अनुदान उपलब्ध गराइनेछ ।

५. स्थानीयस्तरमा उपलब्ध हुन नसक्ने आवश्यक सामग्रीहरू खरिद स्थान देखी कार्यस्थलसम्म ढुवानी गरी लैजादाँ लाग्ने स्थानीय दररेट अनुसारको ढुवानीमा सतप्रतिशत अनुदान उपलब्ध गराइनेछ ।
६. मौरी पालन तथा मह प्रशोधन र मौरीजन्य उत्पादन प्याकिङमा प्रयोग हुने औजार उपकरणमा ७५ प्रतिशतसम्म मूल्य अनुदानमा उपलब्ध गराइनेछ ।
७. मह प्रशोधनसँग सम्बन्धित औजार उपकरण तथा मौरी गोला सहितको घारमा ७५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।
८. मौरीको रानु, मौरी घार र मौरी गोला उत्पादन श्रोत केन्द्र स्थापना गर्न आवश्यक पर्ने औजार उपकरण र अन्य सामग्रीहरूमा ७५ प्रतिशत वा एक पटकलाई बढीमा रु १० लाख सम्मको अनुदान उपलब्ध गराइनेछ ।
९. तोरी र अन्य मौरी चरन क्षेत्रमा मौरी घार स्थानान्तर तथा तोरी र अन्य मौरी चरन बोट बिरूवाको क्षेत्र विकास कार्यक्रमको लागि मौरी कृषकहरूलाई ढुवानी तथा तोरी र मौरी चरन बोट बिरूवा लगाउने कृषकहरूलाई तोरीको बीउ, अन्य बोट बिरूवा, मलखादमा शतप्रतिशत अनुदान उपलब्ध गराइनेछ ।
१०. मौरी चरन क्षेत्रमा विषादीको प्रयोगलाई न्यूनीकरण गर्ने तथा कृषक समुदायलाई जन चेतना दिने उदेश्यले आई.पी.एम. कृषक पाठशालाको माध्यमबाट जानकारी दिने उदेश्यले कम्तीमा पनि एक पटकको चरन कायम रहने अवधिसम्मको लागि आई. पी. एम. कृषक पाठशाला सञ्चालन गर्न बढीमा १ लाख सम्मको अनुदान उपलब्ध गराइनेछ ।

**ख) च्याउ खेती सम्बन्धी व्यवस्था**

च्याउको हकमा विषालु च्याउको सेवनबाट जीउधनको क्षति भएको र शहरी क्षेत्रको आसपासको क्षेत्रको पहिचान देहाय बमोजिमको कार्यक्रम सञ्चालन गर्नेछ ।

१. समूहमा आबद्ध इच्छुक कृषकहरूलाई ३ देखी ७ दिने सैद्धान्तिक तथा व्यवहारिक तालिम प्रदान गरीनेछ । इच्छुक कृषकहरूलाई रेशम विकास कार्यक्रमले छनौट सम्बन्धी आवश्यक मापदण्ड तय गरी सोही आधारमा तालिमका सहभागीहरूको छनोट गर्नेछ ।
२. च्याउको बीउ ७५ प्रतिशत मूल्य अनुदानमा उपलब्ध गराइनेछ ।
३. च्याउ खेती गर्न आवश्यक पर्ने पराल, प्लास्टिक घर, मलखाद तथा अन्य सामग्रीहरूको मूल्यमा ७५ प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ ।
४. तालिम प्राप्त कृषकहरूले तालिममा सिके अनुसार च्याउ खेती गर्नुपर्नेछ ।
५. च्याउ उत्पादन तथा यस सँग सम्बन्धी मुल्य श्रृखलासँग आबद्ध रहेर परियोजना बनाइ पेश गर्ने कृषकलाई विशेष प्रोत्साहित गरीनेछ ।
६. उपरोक्त उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि च्याउ खेती गर्ने प्रति एक अनुदानग्राहीलाई ४ लाख भन्दा बढीको पुजीँगत तथा चालु खर्चमा अनुदान उपलब्ध गराइने छैन्।

**ग) रेशम खेती तथा यसको व्यवस्थापन**

१. सिचाइ तथा यान्त्रीकरण गर्न सकिने, मलिलो खेतबारी भएको, जागरूक कृषक समुदायहरू बसोबास गर्ने क्षेत्रहरूको छनौट गरीनेछ ।

२. लगानी गर्न सक्ने तथा सक्रिय समुदायकलाई प्राथमिकता दिई यो कार्यक्रम सञ्चालन गरीनेछ ।

३. समूहमा आबद्ध इच्छुक कृषकहरूलाई ३ दिने स्थलगत तालिम र समूहको १ जना अगुवालाई ३५ दिने सैद्धान्तिक तथा व्यवहारिक तालिम प्रदान गरीनेछ र सोको लागि रेशम विकास कार्यक्रमले कृषक छनोट सम्बन्धी आवश्यक मापदण्ढहरू तय गरी सोही आधारमा छनोट गर्नेछ।

४. तालिम प्राप्त कृषकहरूले तालिममा सिके अनुसार किम्बु खेती तथा रेशम कीरा पालन गर्नु पर्नेछ ।

५. कृषकहरूलाई रेशम खेतीतर्फ आकर्षण गर्नको लागि वन कार्यालय र वन उपभोक्ता समितिहरू सगको समन्वय र सहकार्यमा आगामी आ.व. हरूमा कार्यक्रम तर्जुमा गरीनेछ ।

६. उपरोक्त उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि रेशम खेती गर्ने प्रति एक अनुदानग्राहीलाई २ लाख भन्दा बढीको पुँजीगत तथा चालु खर्चमा अनुदान उपलब्ध गराइने छैन्।

**८. प्राविधिक तथा मूल्याङ्कन समितिः**

क) यस कार्यविधि अनुसारको कार्यक्रम सञ्चालन गर्न रेशम विकास कार्यक्रम प्रमुखले एक जना कृषि प्राविधिकलाई कार्यक्रम संयोजक तोक्नु पर्नेछ ।

ख) कार्यक्रम संयोजकको संयोजकत्वमा मूल्याङ्कन तथा छनोटका लागि आवश्यकता अनुसारको समिति गठन गर्न सकिनेछ । यसरी गठित समितिले पेश हुन आएका आवेदनहरूको मूल्याङ्कन अनुसूची ६ बमोजिम गर्नेछ ।

ग) प्रस्तावहरूको मूल्याङ्कन, छनोट गरी थप स्वीकृतीका लागि रेशम विकास कार्यक्रम प्रमुख समक्ष सिफारिस गर्ने जिम्मेवारी दफा ८ (ख) बमोजिमको समितिको वा कार्यक्रम संयोजकको हुनेछ ।

घ) सञ्चालित कामको अनुगमन गरी कार्यान्वयनका सम्बन्धमा मार्गदर्शन दिने तथा अनुदान रकमको दुरूपयोग गर्ने अनुदानग्राहीलाई कारबाहीको लागि सिफारिस गर्ने कार्य समेत समितिले गर्नेछ।

ङ) समितिले आफ्नो बैठकमा बढीमा दुई जना विषयसँग सम्बन्धित विज्ञ वा व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछन् ।

## परिच्छेद ३
## सम्झौता र अनुदान रकमको सीमा

९. दफा ८ बमोजिम छनोट तथा स्वीकृत भएका अनुदानग्राही बिच रेशम विकास कार्यक्रमले अनुसूची ४ बमोजिमको द्विपक्षीय सम्झौता गर्नेछ ।

**१०.** यस कार्यविधि अनुसारका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नका लागि दफा ७ मा व्यवस्था भए बमोजिमको अनुदान रकम उपलब्ध गराईनेछ ।

**११. अनुदान प्रवाह विधि**

क) अनुदान प्रवाह अधिकतम ३ किस्तामा उपलब्ध गराइनेछ ।अनुदान रकम उपलब्ध गराउंदा कार्यक्रम सञ्चालन गर्ने कार्यालयको सम्बन्धित विषयको प्राविधिकको स्थलगत निरीक्षण प्रतिवेदन, कार्य प्रगति, रनिङ बिलका आधारमा गरीनेछ ।

ख) प्रत्येक किस्तामा अनुदान रकम एकाउण्ट पेय चेक मार्फत उपलब्ध गराइनेछ । अन्तिम किस्ता सम्पूर्ण कार्य सकेपछि प्राविधिक तथा मूल्याङ्कन समितिको सिफारिस, आवश्यक प्रमाणित बिल भरपाईका आधारमा उपलब्ध गराइनेछ ।

ग) यस कार्यविधि अनुरूप उपलब्ध हुने अनुदान सहयोग अभिलेखिकृत राखिनेछ ।

**१२. अनुदानग्राहीले पालना गर्नुपर्ने अन्य कुराहरू**

क) यस कार्यविधि अनुसारका कार्यक्रमहरू सञ्चालन गर्नका लागि सम्बन्धित अनुदानग्राहीले सम्बन्धित काम र अनुदानको प्रकृति अनुसार आफ्नो लागत साझेदारी अनिवार्य गर्नुपर्नेछ ।

ख) संस्थाले गर्नु पर्ने हरेक पत्राचारसँग संस्थाको बैठकको निर्णय प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

ग) संस्थाले उक्त सेवा केन्द्रमा अनिवार्य रूपमा निर्देशनालयको सहकार्यमा कार्यक्रम सञ्चालन भएको दर्शाउने साइन बोर्ड लगाउनु पर्नेछ ।

## परिच्छेद ४

## अनुगमन र विविध

**१३. अनुगमन तथा मूल्याङ्कन** : मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्र, सम्बन्धित स्थानिय तहको सहयोग तथा समन्वयमा यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा निरीक्षण गर्नेछ ।

**१४.** यस कार्यविधिमा उल्लेख भएका व्यहोराहरू यसै बमोजिम र नभएका सर्त वा व्यहोराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५.** यस कार्यविधिमा उल्लेखित अनुदान सहयोग सुविधा प्रदान गर्दा बार्षिक स्वीकृत कार्यक्रममा विनियोजित बजेटको परिधिभित्र रही प्राथमिकताको आधारमा कार्यक्रमहरू सञ्चालन गरीनेछ ।

**१६.** यस कार्यविधीको व्याख्यामा कुनै द्विविधा भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ ।

**१७.** यो कार्यविधि मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

## अनुसूची – १

## मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को प्रस्ताव आव्हानको सूचनाको ढाँचा

## सूचना । सूचना ।। सूचना ।।।

यस कार्यालयको आ.व. २०........को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मौरी पालन/रेशम खेती /च्याउ खेती विकास सम्बन्धी कार्यक्रमको माध्यमबाट कृषि विकासको प्रवद्र्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक, समूह, सहकारीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले .......... दिनभित्र सम्बन्धित रेशम विकास कार्यक्रम, सम्बन्धित कृषि ज्ञान केन्द्रमा तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरू संलग्न राख्न समेत यसै सूचनाद्धारा सूचित गरीन्छ ।

**तपसिल**

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरीकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
४. अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपिहरू ।

## अनुसूची – २

## मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को आनुदान सहयोग प्राप्त गर्नको लागि दिइने आवेदन–पत्र

श्री प्रमुखज्यू,

रेशम विकास कार्यक्रम/कृषि ज्ञान केन्द्र

.......................... ।

विषयः कृषि अनुदान सहयोग कार्यक्रम उपलब्ध गराइ दिने बारे ।

महोदय,

म/हामीलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित रेशम विकास कार्यक्रम/कृषि ज्ञान केन्द्र भित्रै रही कार्य गर्नेछु ।

*पुनश्चः तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।*

तपसिल

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

२. नेपाली नागरीकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

३. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक

४. अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपिहरू)

५. वैदेशिक रोजगारबाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि

६. समूह/समिति/सहकारिका सदस्यहरूको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा

**कार्यान्वयन गर्ने प्रतिवद्धताः**

निवेदकको नामः

दस्तखतः

ठेगानाः

## अनुसूची – ३

## मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमीको नाम थरः

ठेगानाः .................. गाउँ/टोलः ................... वार्ड नं. ....... गा.वि.स./न.पा ................

जिल्ला ..................

सञ्चालन गर्न खोजेको ..................... सम्बन्धी व्यवसाय र स्थानः

सहयोग स्वरूप माग गरेको अनुदान रकमः

आफ्नो लगानीः

आफ्नो पारिवारिक श्रमः

व्यवसायबाट उत्पादन हुने वस्तुः

उत्पादित कृषि वस्तुको परिमाणः

बजारयोग्य परिमाणः

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?

फर्म/समूह/समिति/सहकारीको नामः

सम्पर्क नम्वरः

ठेगानाः गाउँ/टोल ......... वडा नं........ गा.वि.स........ जिल्ला .............

व्यवशाय सञ्चालन गरीने स्थानः

सञ्चालन गरीने कार्य विवरणः

| क्र.सं. | सञ्चालन गरीने क्रियाकलाप | माग गरीएको अनुदान सहयोग रु | निजी लगानी रु | जम्मा लगानि रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

व्यवसाय गरेको भए,

विगत कति वर्षदेखी ......... निरन्तर गरी रहेको .........वर्ष.........महिना.......

व्यवसायको लागि श्रमको व्यवस्थापनः

क) पारिवारिकः

ख) वाहिरबाटः

ग) दुवै तर्फबाटः

**<u>सहि गर्नेको</u>**

नामः

संस्थाको छापः (संस्थाको हकमा)

पदः

दस्तखतः

मितिः

**अनुसूची –४**

**मौरी/च्याउ/रेशम विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ कार्यक्रम सञ्चालनको लागि गरीएको सम्झौता–पत्र**

भूमि व्यवस्या कृषि तथा सहकारी मन्त्रालय/कृषि विकास निर्देशनालय/कृषि ज्ञान केन्द्र/रेशम विकास कार्यक्रमद्वारा सञ्चालन गरीने चालु आ.व. ............. को स्वीकृत .......................... कार्यक्रम सञ्चालन गर्नेरेशम विकास कार्यक्रम/कृषि ज्ञान केन्द्र, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका कृषक, समूह, सहकारी .................................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपसिलका सर्तनामाहरू गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्ययोजना अनुसार बढीमा ३ किस्तामा /कार्यविधि अनुसार सामग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरूप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ ।
२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ................ व्यवसाय सञ्चालन गर्नेछ ।
३. पहिलो पक्षले नियमित रूपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन् ।
४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम् आफै हुनेछ ।
५. यस सम्झौतामा उल्लेख भएभन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| कार्यालयको तर्फवाट सही गर्नेको | युवा उद्यमी वा संस्थाको तर्फबाट सही गर्नेको |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः (संस्थाको हकमा) |
| | औठाको छापः (व्यक्तिको हकमा) |

| दा. | वाँ. |
|---|---|
| | |

सम्पर्क फोन नं.                सम्पर्क फोन नं.

## अनुसूची – ५
## मौरी, च्याउ, रेशम विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको  नामः

२. सञ्चालित व्यवसायको  नामः                ठेगानाः

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधिः मासिक/चौमासिक/वार्षिक

| क्र.सं. | कार्य विवरण | एकाई | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |

आइ परेका बाधा अड्चनहरू

समाधानको लागि सुझावहरू

प्रति एकाई उत्पादित पदार्थको स्थानीय बजारको विक्रि मूल्यः

१. …….  २. …….  ३.  ….

युवा उद्यमीको नाम, थर

ठेगाना

दस्तखतः

मितिः

## अनुसूची – ६

## मौरी, च्याउ, रेशम विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को प्रस्ताव मूल्याङ्कन फाराम

| क्र. सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०) | पेश गरेको कार्ययोजना (२०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयुक्तता (३५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |

**छनौट समितिका पदाधिकारीहरूको**

| नाम थर | पद | दस्तखत | मिति |
|---|---|---|---|
| | | | |